# श्रमिक आपूर्तिकर्ता कम्पनीको इजाजतपत्र तथा नवीकरण प्रकृया व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**

# विषयसूची


| विवरण | पेज नं. |
|---|---|
| **परिच्छेद-१** | |
| प्रारम्भिक | १ |
| **परिच्छेद-२** | |
| कामको सूची सम्बन्धी व्यवस्था | ३ |
| **परिच्छेद-३** | |
| श्रमिक आपूर्तिकर्तालाई इजाजतपत्र दिने सम्बन्धी व्यवस्था | ४ |
| **परिच्छेद-४** | |
| अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था | १० |
| **परिच्छेद-५** | |
| ठेगाना, स्वामित्व, नाम, सेवा परिवर्तन तथा कार्यक्षेत्र थपघट सम्बन्धी व्यवस्था | ११ |
| **परिच्छेद-६** | |
| विविध | १३ |
| **अनुसूची-१** | |
| श्रमिक आपूर्ति गर्न इजाजतको लागि दिने निवेदनको ढाँचा | १४ |
| **अनुसूची-२** | |
| श्रमिक आपूर्तिकर्ता इजाजत दस्तुर र धरौटी | १६ |
| **अनुसूची-३** | |
| श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र | १७ |

# श्रमिक आपूर्तिकर्ता कम्पनीको इजाजतपत्र तथा नवीकरण प्रकृया व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१

मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८१/०३/१२

<u>प्रस्तावना:</u> व्यवसाय वा सेवाको मुख्य काममा बाहेक श्रमिक आपूर्तिकर्ता मार्फत काममा लगाउने प्रणालीलाई सरल र सहज बनाइ थप व्यवस्थित गर्न तथा नीतिगत कानूनी एवं प्रक्रियागत व्यवस्थाहरू स्पष्ट गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०७४ को दफा १८१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस निर्देशिकाको नाम "श्रमिक आपूर्तिकर्ता कम्पनीको इजाजतपत्र तथा नवीकरण प्रकृया व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले श्रम ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले श्रम तथा रोजगार कार्यालय सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले श्रम नियमावली, २०७५ सम्झनु पर्छ ।

(ङ) "पारिश्रमिक" भन्नाले श्रमिकले पाउने आधारभूत पारिश्रमिक सम्झनु पर्छ र सो शब्दले भत्ता समेतलाई जनाउँछ ।

(च) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ ।

(छ) "मुख्य रोजगारदाता" भन्नाले श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउने रोजगारदाता सम्झनु पर्छ ।

(ज) "रोजगार सम्झौता" भन्नाले रोजगारीको सेवा, शर्त र सुविधाका सम्बन्धमा रोजगारदाता र श्रमिकबीच भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले रोजगारदाताले श्रमिकलाई दिएको नियुक्तिपत्र समेतलाई जनाउँछ ।

(झ) "रोजगारदाता" भन्नाले श्रमिक आपूर्ति गर्ने आपूर्तिकर्ता सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग सम्झनु पर्छ ।

(ट) "श्रमिक आपूर्तिकर्ता" भन्नाले श्रमिक आपूर्ति गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ठ) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ ।

(ड) "सामाजिक सुरक्षा कोष" भन्नाले प्रचलित कानून बमोजिम स्थापित सामाजिक सुरक्षा कोष सम्झनु पर्छ ।

## परिच्छेद-२

## कामको सूची सम्बन्धी व्यवस्था

३. **श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई लगाउन सकिने कामको सूचीः** श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई देहाय बमोजिमको काममा लगाउन सकिनेछः-

(क) **सुरक्षा सेवाः** सुरक्षा श्रमिक ।

(ख) **सहजकारी सेवाः** सबै प्रकारका सरसफाई तथा फोहोर व्यवस्थापनलाई आवश्यक श्रमिक, बगैंचा व्यवस्थापन गर्ने माली लगायत कृषि श्रमिक, कार्यालय सहायक (चिया तथा खाजा तयार गर्ने वा म्यासेन्जर सेवा), क्यान्टिन तथा क्याटरिङ्ग श्रमिक ।

(ग) **व्यवसाय सहयोग सेवाः** चालक, परिचालक, लोड अनलोड, सामानको ओसारपसार तथा भण्डारण व्यवस्थापन गर्ने श्रमिक, मर्मत सम्भार, प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्ने श्रमिक, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायतका निर्माण श्रमिक ।

(घ) **घरेलु सहयोग सेवाः** हाउसमेड, केयर गिभर लगायतका घरेलु श्रमिक ।

## परिच्छेद-३

## श्रमिक आपूर्तिकर्तालाई इजाजतपत्र दिने सम्बन्धी व्यवस्था

४. **इजाजतको लागि निवेदन दिनु पर्ने:** (१) श्रमिक आपूर्ति गर्न चाहने कम्पनीले एक मात्र कार्यक्षेत्रको लागि सम्बन्धित क्षेत्रको श्रम तथा रोजगार कार्यालय समक्ष र एकभन्दा बढी कार्यक्षेत्रको हकमा विभाग समक्ष यस निर्देशिकाको अनुसूची-१ बमोजिमको ढाँचामा देहायका कागजात, विवरण सहित निवेदन दिनु पर्नेछः-

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि

(ग) कम्पनीको प्रबन्धपत्रको उद्देश्यमा यस विभाग वा कार्यालयबाट श्रमिक आपूर्तिकर्ता इजाजत दिने सेवाहरू स्पष्ट उल्लेख हुनुपर्नेछ,

(घ) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) अघिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) कम्पनीका सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(छ) कुन काम वा सेवाको लागि श्रमिक आपूर्ति गर्न चाहेको हो सोको विवरण,

(ज) संस्थापक वा सञ्चालकले आफु कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको र प्रचलित कानून बमोजिम कालो सूचीमा

नपरेको स्वघोषणा पत्र,

(झ) सामाजिक सुरक्षा कोषमा सुचिकृत भएको रोजगारदाता सूचीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ञ) विभाग वा कार्यालयले तोकेको अन्य आवश्यक कागजात ।

(२) कम्पनी ऐन अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मितिले कम्पनीले ६ महिनाभित्र श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र लिएर मात्र कार्य गर्न पाउनेछ ।

(३) कम्पनीको प्रबन्धपत्रको उद्देश्यमा यसअघि श्रमिक आपूर्ति सम्बन्धी कुनै उद्देश्य नरहेको तर हालै मात्र श्रमिक आपूर्ति गर्ने उद्देश्य थप गरी आएको कम्पनीको हकमा उद्देश्य थप गरिएको अवधि देखि ६ महिनासम्म नयाँ सरह मानी इजाजतपत्र जारी गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम इजाजतपत्रको लागि निवेदन प्राप्त भएपछि उक्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभाग वा कार्यालयले निर्देशिकाको अनुसूची-२ बमोजिमको इजाजतपत्र दस्तुर र सोही अनुसूचीमा उल्लेख भए बराबरको धरौटी वा बैंक ग्यारेण्टी लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनु पर्नेछ ।

५. <u>**बैंक ग्यारेण्टीको अवधिः**</u> (१) यस निर्देशिकाको दफा ४ बमोजिम इजाजतपत्र जारी गर्दा इजाजतपत्रवालाले धरौटी बापत बैंक ग्यारेण्टी दिएमा त्यस्तो बैंक ग्यारेण्टीको अवधि इजाजतपत्र बहाल रहने अवधिभन्दा कम्तिमा नौ महिना बढी अवधिको हुनु पर्नेछ ।

(२) विभाग वा कार्यालयले बैकसँग समन्वय गरी बैंक ग्यारेण्टी एकिन गर्न सक्नेछ ।

(३) ऐन र नियमावली अनुसार श्रमिकले पाउनुपर्ने पारिश्रमिक, सुविधा वापतको रकम आपूर्तिकर्ताले भुक्तानी नगरेमा विभाग वा कार्यालयले निर्णयानुसारको भुक्तानी बैंक ग्यारेण्टीबाट कट्टा गरी सम्बन्धित श्रमिक वा निजको आश्रित परिवारलाई उपलब्ध गराउने छ ।

(४) उपदफा (३) बमोजिमको बैंक ग्यारेण्टीले नपुगेमा प्रचलित कानून बमोजिम असुलको अन्य प्रक्रियाद्वारा असुल गरी सम्बन्धित श्रमिक वा निजको आश्रित परिवारलाई उपलब्ध गराईने छ।

६. <u>इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्थाः</u> (१) यस निर्देशिकाको दफा ४ बमोजिम इजाजत प्राप्त कम्पनीले आफूले प्राप्त गरेको इजाजतपत्र नवीकरण गराउन प्रत्येक आ.व.को श्रावण देखि असोज मसान्तभित्र देहायका विवरण कागजात सहित त्यस्तो इजाजतपत्र जारी गर्ने विभाग वा कार्यालय समक्ष निवेदन दिनु पर्नेछः-

(क) गत आर्थिक वर्षको आय विवरण बुझाएको भरपाई वा सोभन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) गत आर्थिक वर्षमा आपूर्ति गरिएका श्रमिकहरूको विवरण, संख्या, कार्यरत प्रतिष्ठान र मुख्य रोजगारदाताको नाम,

(ग) आपूर्ति गरिएका श्रमिकलाई वितरण गरेको पारिश्रमिक, भत्ता, सुविधा तथा प्रत्येक श्रमिकको सामाजिक सुरक्षा कोषमा जम्मा भएको योगदान रकमको विवरण,

(घ) श्रम अडिट गरेको प्रतिवेदन,

(ङ) कम्पनीको नाम, ठेगाना, सञ्चालकको नाम, सम्पर्क नम्बर, इमेल ठेगाना, कम्पनी सम्बन्धी कुनै विवरण परिवर्तन भएमा सोको विवरण,

(च) इजाजतपत्र लिंदा बैंक ग्यारेण्टी राखेको भए त्यस्तो बैंक ग्यारेण्टी नवीकरण गरेको प्रमाण,

(छ) अनुसूची-२ बमोजिमको नवीकरण दस्तुर,

(ज) विभाग वा कार्यालयले माग गरेको अन्य आवश्यक कागजात, विवरण,

(झ) कम्पनीसँग सम्बन्धित प्रचलित कानून बमोजिम कार्यालय वा विभागमा कुनै उजुरी प्राप्त भएको अवस्थामा, उजुरीसँग सम्बन्धित आधार, प्रमाणको विवरण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने श्रमिक आपूर्तिकर्ताले नियमावलीको नियम ३० को उपनियम (२) बमोजिम इजाजत पत्र नवीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र नवीकरण नभएमा ऐनको दफा ६२ को उपदफा (६) बमोजिमको जरिवाना लिई एकपटकको लागि विभाग वा कार्यालयले नवीकरण गर्न सक्नेछ ।

७. <u>इजाजतपत्र खारेजी, निलम्बन तथा जरिवाना सम्बन्धी व्यवस्था:</u> (१) देहायको अवस्थामा इजाजतपत्र जारी गर्ने विभाग वा कार्यालयले श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) श्रमिक आपूर्तिकर्ताले आफ्नो इजाजतपत्र खारेज गर्न लिखित निवेदन दिएमा,

(ख) श्रमिक आपूर्तिकर्ताले श्रम ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकेका शर्त वा दिइएको निर्देशन उल्लङ्घन गरेमा,

(ग) उपदफा (१) को खण्ड (ख) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित श्रमिक आपूर्तिकर्तालाई आफ्नो सफाई पेश गर्न कम्तिमा सात दिनको मौका दिनु पर्नेछ,

(घ) यस दफा बमोज़िम इजाजतपत्र खारेज गर्ने निर्णय गरेको सूचना राष्ट्रिय स्तरको पत्रिका तथा विभागको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ,

(ङ) श्रमिक आपूर्तिकर्ता कम्पनी खारेज भएको जानकारी सम्बन्धित निकायहरूमा पठाउनु पर्नेछ,

(च) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र खारेज भएको श्रमिक आपूर्तिकर्ताको नेपाल सरकार वा कुनै श्रमिकप्रति कुनै आर्थिक दायित्व देखिएमा इजाजतपत्र खारेज भएको कारणबाट त्यस्तो दायित्व वहन गर्नबाट उन्मुक्ति पाउने छैन ।

(२) कुनै श्रमिक आपूर्तिकर्ताले यो ऐन र नियमावलीमा तोकिदिएको शर्त तथा दिइएको निर्देशन पालना नगरेमा तथा सूचीकृत सेवा बाहेक नियमित प्रकृतिका काममा सम्झौता गरी श्रमिक आपूर्ति गरेमा विभाग वा कार्यालयले त्यस्तो श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र एक पटकमा छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निलम्बन भएको श्रमिक

आपूर्तिकर्ताले निलम्बन भएको अवधिभर श्रमिक आपूर्ति गर्न पाउने छैन ।

(४) श्रमिक आपूर्तिकर्ताले ऐन र नियमावलीमा तोकिएको शर्त तथा दिइएका निर्देशनहरू पालना गरेको प्रमाण सहित निलम्बन फुकुवा गर्न निवेदन दिएमा विभाग वा कार्यालयले जाँचबुझ गर्दा निवेदनको व्यहोरा साँचो देखिएमा निलम्बन फुकुवा गर्न सक्नेछ ।

(५) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको ६ महिना पछि वा श्रमिक आपूर्ति सम्बन्धित उद्देश्य थप गरेको ६ महिना पछि यस विभाग वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयबाट श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र प्राप्त गर्नको लागि निवेदन प्राप्त भएमा ऐनको दफा १६३ को उपदफा (१) को खण्ड (क) बमोजिम कारोबारको आधारमा जरिवाना गरी इजाजतपत्र जारी गर्न सक्नेछ ।

(६) ऐनको दफा ५८ को उपदफा (३) र उपदफा (४) को व्यवस्था विपरीत हुने गरी आह्वान वा पेश भएको प्रस्ताव वा बोलपत्र वा भएको सम्झौता रद्द गर्न यस विभाग वा कार्यालयबाट निर्देशन जारी गर्दा पनि रद्द नगरेमा श्रम ऐन र नियमावलीमा तोकिएको शर्त तथा दिइएका निर्देशन पालना नगरेको कसुरमा बोलपत्र पेश गर्ने श्रमिक आपूर्तिकर्ता कम्पनीको एक पटकमा ६ महिनासम्मको लागि इजाजतपत्र निलम्बन गर्न सक्नेछ ।

## परिच्छेद-४

## अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था

८. **अनुगमन तथा निरीक्षण:** (१) ऐन तथा नियमावली र यस निर्देशिका बमोजिम इजाजत प्राप्त श्रमिक आपूर्तिकर्ता कम्पनी र मूख्य रोजगारदाता कम्पनीको विभाग वा कार्यालयद्वारा जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) अनुगमन तथा निरीक्षण गर्दा यस निर्देशिकामा उल्लेखित कागजात र विवरण, ऐन तथा नियमावली बमोजिमको न्यूनतम पारिश्रमिक, सेवा सुविधा उपलब्ध गराएको विवरण समेत अन्य सम्बन्धित विषयमा अनुगमन तथा निरीक्षण गरिनेछ ।

(३) अनुगमन तथा निरीक्षण गर्न खटी आउने कर्मचारीलाई सम्बन्धित संस्थाले आवश्यक कागजात तथा विवरण उपलब्ध गराउनुका अतिरिक्त अन्य आवश्यक सूचना उपलब्ध गराई सहयोग गर्नु पर्नेछ ।

(४) अनुगमन तथा निरीक्षण गर्न खटिएका कर्मचारीलाई बाधा व्यवधान गरेमा त्यस्तो कार्यमा संलग्न संस्थालाई ऐनको दफा १६३ को उपदफा (२) को खण्ड (ख) बमोजिम जरिवाना गरिनेछ ।

(५) अनुगमन तथा निरीक्षण गर्दा उपदफा (२) बमोजिम नभएमा त्यस्तो कम्पनीलाई श्रम ऐन बमोजिम आवश्यक कारवाही गरिनेछ ।

## परिच्छेद-५

## <u>ठेगाना, स्वामित्व, नाम, सेवा परिवर्तन तथा कार्यक्षेत्र थपघट सम्बन्धी व्यवस्था</u>

९. <u>ठेगाना परिवर्तन गर्न निवेदन दिनु पर्ने:</u> श्रमिक आपूर्तिकर्ता कम्पनीले ठेगाना परिवर्तन गर्नु परेमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त ठेगाना परिवर्तनको पत्र सहित दर्ता भएको निकाय विभाग वा कार्यालयमा साविकको ठेगाना संशोधन गरी हालको परिवर्तित कायम गरिदिनहुन तथा संशोधित इजाजतपत्र पाउनका लागि निवेदन दिनु पर्नेछ ।

१०. <u>स्वामित्व परिवर्तन गर्न निवेदन दिनु पर्ने:</u> श्रमिक आपूर्तिकर्ता कम्पनीले स्वामित्व परिवर्तन गर्नु परेमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अद्यावधिक गरेको कागजातको साथै कम्पनीको सञ्चालक र शेयरधनी परिवर्तन भएको कागजात सहित दर्ता भएको निकाय विभाग वा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

११. <u>नाम परिवर्तन गर्न निवेदन दिनु पर्ने:</u> श्रमिक आपूर्तिकर्ता कम्पनीले कम्पनीको नाम परिवर्तन गर्नु परेमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रबन्धपत्र र नियमावलीमा नाम परिवर्तन भएको प्रमाणित कागजातको साथै उक्त कार्यालयबाट नाम परिवर्तन सम्बन्धी उपलब्ध गराएको पत्र सहित संशोधित इजाजतपत्र पाउनको लागि दर्ता भएको निकाय विभाग वा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१२. <u>कार्यक्षेत्र थपघट सम्बन्धी व्यवस्था:</u> श्रमिक आपूर्तिकर्ता कम्पनीले क्षेत्र परिवर्तन गर्न चाहेमा विभाग आउन पर्नेको हकमा अनुसूची-२

अनुसार दस्तुर लिई कार्यक्षेत्र परिवर्तन गर्न सक्नेछ ।

१३. <u>सेवा परिवर्तन सम्बन्धी व्यवस्थाः</u> श्रमिक आपूर्तिकर्ता कम्पनीले जुन सेवाको लागि इजाजत लिएको हो सो सेवा परिवर्तन वा थप घट गर्न चाहेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई सेवा परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध

१४. **निर्देशिकाको पालना:** (१) श्रमिक आपूर्तिकर्ता व्यवस्थापन सम्बन्धी कार्य सम्पादन गर्दा यस निर्देशिकामा उल्लेखित व्यवस्थाको पूर्ण परिपालना गर्नु सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

(२) यो निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरू ऐन तथा नियमावलीका व्यवस्थासँग बाझिएमा, बाझिएको हदसम्म ऐन तथा नियमावलीका प्रावधानहरू लागु हुनेछ ।

१५ **बाधा अड्काउ फुकाउने अधिकार:** यो निर्देशिका कार्यान्वयनमा द्विविधा वा अस्पष्ट हुन गएमा वाधा अडकाउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ ।

१६. **अनुसूचीमा थपघट वा हेरफेर:** मन्त्रालयले आवश्यक्तानुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**श्रमिक आपूर्ति गर्न इजाजतको लागि दिने निवेदनको ढाँचा**

श्री श्रम विभाग/श्रम कार्यालय

**विषयः श्रमिक आपूर्ति गर्न इजाजत पाउँ ।**

महोदय,

यस कम्पनीले देहायको क्षेत्रमा श्रमिक आपूर्ति गर्न चाहेको र सो कार्य गर्न यस कम्पनी सक्षम रहेकोले श्रम ऐन, २०७४ को दफा ५९ को उपदफा (२) तथा श्रम नियमावली, २०७५ को नियम २७ को उपनियम (१) बमोजिम श्रमिक आपूर्ति गर्ने इजाजत पत्रको लागि देहायको विवरण सहित यो निवेदन गरेको छु/गरेका छौं ।

१. निवेदक कम्पनीको (क) नामः.........................................

(ख) रजिष्टर्ड कार्यालय रहेको ठेगानाः .........................

२. निवेदक कम्पनीको दर्ता नं. तथा दर्ता मितिः .........................

३. निवेदक कम्पनीको मुख्य सञ्चालक वा प्रमुख व्यवस्थापकको नामः.........................................

४. कम्पनीको तर्फबाट श्रमिक आपूर्ति सम्बन्धी काम गर्ने व्यवस्थापक वा प्रमुखः.........................................

५. निवेदक कम्पनीले आपूर्ति गर्ने श्रमिकले गर्ने कामः .........................

(क)

(ख)

६. श्रमिक आपूर्ति गर्ने भौगोलिक क्षेत्रः ..............................

७. श्रमिकको आपूर्ति गर्ने अनुमानित संख्याः ..............................

८. निवेदक कम्पनीसँग पत्राचार गर्ने ठेगानाः ..............................

९. संलग्न कागजातः

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि,

(ग) स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) अघिल्लो आ.व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) कम्पनीको सञ्चालकहरूको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(च) संस्थापक वा सञ्चालकले आफु कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको र प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको स्वघोषणा पत्र ।

(छ) सामाजिक सुरक्षा कोषमा रोजगारदाता सूचीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

कम्पनीको छाप

कम्पनीको तर्फबाट

निवेदन दिने आधिकारिक व्यक्तिको,

दस्तखतः

नामः

मिति

## अनुसूची-२

(दफा ४ को उपदफा (४), दफा ६ को उपदफा (१) को खण्ड (छ), दफा १२ र दफा १३ सँग सम्बन्धित)

### श्रमिक आपूर्तिकर्ता इजाजत दस्तुर र धरौटी

❖ श्रम नियमावली, २०७५ को नियम २७ बमोजिम श्रमिक आपूर्तिकर्ताले इजाजतपत्रको लागि निवेदन दिंदा निवेदकले देहाय बमोजिमको इज़ाजत दस्तुर र धरौटी इजाजतपत्र जारी गर्ने विभाग वा कार्यालयमा बुझाउनु पर्नेछ ।

| क्र. सं | विवरण | विभागमा निवेदन दिनु परेमा | कार्यालयमा निवेदन दिनु परेमा |
|---|---|---|---|
| १. | इजाजत दस्तुर | बीस हजार रूपैयाँ | दश हजार रूपैयाँ |
| २. | प्रतिलिपि दस्तुर | एक हजार रूपैयाँ | एक हजार रूपैयाँ |
| ३. | नवीकरण दस्तुर | दश हजार रूपैयाँ | पाँच हजार रूपैयाँ |
| ४. | कार्यक्षेत्र थपघट | बीस हजार रूपैयाँ | |
| ५. | सेवा परिवर्तन | बीस हजार रूपैयाँ | दश हजार रूपैयाँ |
| ६. | धरौटी वा बैंक ग्यारेन्टी | पन्ध्र लाख रूपैयाँ | पन्ध्र लाख रूपैयाँ |

❖ कुनै श्रमिक आपूर्तिकर्ताले एकभन्दा बढी कार्यालयको कार्य क्षेत्रभन्दा बढीको लागि श्रमिक आपूर्ति गर्न चाहेमा प्रति कार्यक्षेत्र थप पाँचलाख रूपैयाँ धरौटी वा सो बराबरको बैंक ग्यारेण्टी इजाजतपत्र जारी गर्ने विभाग वा कार्यालयमा बुझाउनु पर्नेछ ।

## अनुसूची-३

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग/श्रम कार्यालय

### श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र

इजाजत पत्र नं:

श्री .........................................................,

.........................................................।

यस विभागको मिति ........................................ को निर्णय अनुसार त्यस कम्पनीलाई देहायको क्षेत्रभित्र देहायका कार्यसँग सम्बन्धित श्रमिक आपूर्ति गर्न श्रम ऐन, २०७४ को दफा ५९ र श्रम नियमावली, २०७५ को नियम २८ बमोजिम निम्नानुसारका शर्तहरू पालना गर्ने गरी यो इजाजतपत्र प्रदान गरिएको छ ।

(१) श्रमिक आपूर्ति गर्ने क्षेत्रः नेपाल राज्यभर वा प्रदेशको नाम......

..........................................................

जिल्ला.....................................................

आपूर्ति गरिएका श्रमिकले गर्ने कामको प्रकृतिः

(क).........................................,

(ख).........................................,

इजाजतपत्र जारी गर्ने अधिकृतको

दस्तखतः

नामः

पदः

मितिः

श्रमिक आपूर्तिकर्ताले पालना गर्नुपर्ने शर्तहरू

१ ............................................................

२ ............................................................

३ ............................................................

४ ............................................................

५ ............................................................

६ ............................................................

७ ............................................................